# सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न तथा सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र सामाजिक सञ्जालका प्रयोगकर्ताको स्वनियमनलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन २०६३ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० जारी गरेको र उक्त निर्देशिका २०८० मंसिर ११ गते नेपाल राजपत्रमा प्रकाशित भै कार्यान्वयनमा छ। सोही निर्देशिका बमोजिम यस मन्त्रालयले मिति २०८० मंसिर १५ गतेका दिन सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था अनुसार सूचना प्रकाशन भएको मितिले तीन महिना भित्र सूचीकरण हुन, नेपालभित्र सम्पर्क विन्दु (Point of Contact), आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्न अनुरोध गरेको थियो ।

साथै यसै सन्दर्भमा २०८१ भाद्र २५ गते मन्त्रालयको वेबसाइट मा उक्त निर्देशिका तथा नेपाल सरकारको २०८१।०५।०६ को बैठकको निर्णय कार्यान्वयनका सुनिश्चितताको लागि समेत अनुरोध गरी सूचना प्रकाशन गरिएको थियो। 22 October, 2024 मा केहि ठूला सामाजिक सञ्जाल प्लेटफर्मका Chief Operating Officer लाई सम्बोधन गरी उक्त प्लेटफर्महरू मन्त्रालयमा सूचीकरण तथा निर्देशिकाको कार्यान्वयन साथै नेपाल सरकारको निर्णय कार्यान्वयनका लागि इमेल मार्फत पत्राचार समेत गरिएको, सोही निर्देशिकाको परिपालनाको सुनिश्चितताको लागि २०८१ माघ २१ गते गोरखापत्र राष्ट्रिय दैनिक र द राइजिङ्ग नेपालमा सूचना प्रकाशन गरी सूचीकरणको लागि आह्वान गरिएको र अन्तिम पटक २०८१ चैत ७ गते सूचीकरणको लागि ३० दिनको समयावधि दिई पुन: सूचना प्रकाशित गरिएको थियो। यस अवधिसम्म पनि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका,२०८० बमोजिम थप कुनैपनि सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालकहरू मन्त्रालयमा सूचीकृत हुन नआएको जानकारी गराउँदछौं।

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सामाजिक सञ्जाल प्रयोगकर्ताले निर्बाध रूपमा सामाजिक सञ्जालको प्रयोग गरून् र सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालनकर्ताले निर्देशिकाले तोकेको विधि-प्रकृया अनुरूप आ-आफ्नो प्लेटफर्म सञ्चालन गरून् भन्ने अपेक्षा राख्दछ। तसर्थ, सामाजिक सञ्जाल फ्लेटफर्म सञ्चालक तथा प्रयोगकर्ता दुबैको हितलाई मध्यनजर राख्दै कसैलाई असुविधा नहोस् भन्नेमा सजग रही मन्त्रालय आ-आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ऐ. निर्देशिका बमोजिम दर्ता/ सूचीकरण गर्नुहुन सञ्चालनकर्तालाई पुन: अनुरोध गर्दछ।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका,२०८० बमोजिम सूचीकरण/दर्ता नहुने सबै सामाजिक सञ्जालहरू क्रमश: नेपाल भित्र निस्कृय गराइने र सूचीकरण दर्ता गरेमा सोही क्षणबाट पुन: सक्रिय गराईने हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।